"समृद्ध नगर सुखी नगरबासी"







सँसारका मजदुरहरू एक होऔ !

मार्क्सवाद–लनिनवाद–माओवाद–जिन्दावाद !

चुनाव चिन्ह



# क. शत्रुधन चौधरी

नगर अध्यक्ष

मेयर पदका उम्मेद्वार

मो.: ९८२१५८५२३३

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

कपिलवस्तु नगर समिति ,तौलिहवा

## स्थानिय घोषणा पत्र-२०७९

Scanned with CamScanner

## आदरणीय न्याय प्रेमी नगरवासीहरु !

बर्गीय समानताका लागी भएको दश बर्ष जनयुद्धको माध्यमबाट नेपालमा एकात्मक राज्य सत्ता ढाल्दै देशमा धार्मिक सहिष्णुता कायम गर्न धर्म निर्पेक्षता, जातिय विभेद अन्त्यका लागि समावेशी एवम समानुपातिक प्रतिनिधित्वको व्यवस्था, राजतन्त्रको विकल्पको रुपमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्दै संविधान सभाको माध्यमबाट नेपालको संविधान निर्माण गर्दै, संविधानमा नै संघिय गणतान्त्रिक नेपालको व्यवस्था गर्दै नेपालमा स्थानिय सरकार, प्रदेश सरकार तथा संघिय सरकार सहित तिन तहको सरकार मध्ये जनताको प्रत्यक्ष सरोकार र जनताले प्रत्यक्ष सेवा पाउने गाउँ गाउँमा सिहाँदरबार स्थापना गरेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सदैव सबै खाले उत्पीडीत, दलिल, महिला, मधेशी, मुस्लिम एवम भुमिहिन सुकुम्बासी समुदायलाई राज्य सञ्चालनका अगँहरुमा समावेशी एवम समानुपातिक प्रतिनिधित्वको माध्यमबाट स्थापित गराउने एक मात्रै जनताको लोकप्रिय पार्टीको रुपमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) रहेको छ । सयौं बर्षदेखी पिछडीएको कपिलवस्तु नगरपालिकाको मुहार फेर्दै समृद्ध नगर निर्माणका लागि आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को चुनाव चिन्ह गोलो घेरा भित्र रहेको हसिया हथौडामा मतदान गरी मेयर पदका उम्मेदवार क.शत्रुघन चौधरी लगायत सबै उम्मेदवारहरुलाई अमुल्य मतदान गरी भारी मतले विजयी गराउनु हुन सम्पूर्ण नगरवासी दाजु-भाई, दीदी-बहीनी एवम् आमा-बाबुहरुमा नेकपा (माओवादी केन्द्र) कपिलवस्तु नगर समिति हार्दिक अनुरोध गर्दछ ।

## देश र जनताको पक्षमा

### माओवादी र प्रचण्डका योगदानहरु



**त्यसैले, देशमा**
**माओवादीको बिकल्प छैन ।**

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) कपिलवस्तु नगर समितिका प्रतिबद्धताहरु:

- सयौं बर्षदेखी पिछडिएको कपिलवस्तु नगरपालिकालाई स्मार्ट नगरपालिका बनाउने ।
- माध्यामिक तह कक्षा(१–१२) सम्म नि:शुल्क शिक्षा कार्यान्वयन गराईने छ । मेडिकल कलेज स्थापना गराउने, मदरशा शिक्षालाई प्रोत्साहन गर्न शिक्षक अनुदान सम्बन्धि व्यवस्था गराईने छ । ५ बर्ष भित्रमा सुबिधा सम्पन्न कन्या कलेज स्थापना गरिने छ ।
- नागरिकता, विद्युत, खानेपानी, लगायतका विभिन्न सिफारीसहरुमा लाग्दै आएको कर छुट गराईने छ । ५ बर्ष भित्र प्रत्येक वडामा १–१ एम्बुलेन्स तथा दमकलको व्यवस्था गराईने छ ।
- कपिलवस्तु नगरपालिकामा अव्यवस्थित बसोबासको रुपमा रहेका भूमिहिन दलित, विपन्न सीमान्तकृत एवम सुकुम्बासीलाई प्रचालित कानुन बमोजिम लाज पुर्जा वितरण गराईने छ ।
- जिल्ला तथा नगरपालिका भित्र रहेका पर्यटकिय एव्म पुरातात्विक सम्पदाहरु , तिलौराकोट, कुदान, गोटिहवा, सग्रहवा, निग्लिहवा, अरौराकोट, जगदिशपुरताल लगायतका सम्पदाको बृहत्तर विकासका लागी कपिलबस्तु विकास कोष गठन गरिने छ ।
- तौलिहवाको बीच भागमा रहेको तौलेश्वरनाथलाई राष्ट्रिय सम्पदा घोषणा गराईने छ ।
- कपिलवस्तु नगरपालिकामा भएका होमस्टेलाई स्तरोन्नति गर्ने नभएको ठाउँमा स्थापना गराई पर्यटन प्रर्वद्धनमा टेवा पुराईने छ ।
- कपिलवस्तु बहुमुखी क्याम्पसलाई त्रिभूवन विश्वविद्यालयको आागिक क्याम्पस बनाउन आवश्यक पहल गरिने छ साथै सोही क्याम्पसमा कानुन र ईन्जिनियरिङ्ग अध्ययनका लागी अनुदानको व्यवस्था गरिने छ ।
- बेरोजगारी समस्यालाई समाधान गर्न घरेलु उद्योगमा अनुदान व्यवस्था गर्ने, मझौला तथा ठुला उद्योग नगरपालिकाकै स्वामित्वमा स्थापना गराई बेरोजगारी समस्या न्यूनिकरण गरिने छ ।
- कपिलवस्तु नगरपालिका भित्र पुरातात्विक अधिग्रहण तथा सडक अधिग्रहणमा परेका नगरबासीलाई प्रथामिकतामा राखेर राहत अनुदान उपलब्ध गराईने छ ।
- कपिलबस्तु नगरपालिकामा कक्षा ११/१२ मा सर्वोत्कृष्ट ग्रेड नम्बर ल्याउने मेधावी विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागी नि:शुल्क छात्रबृति दिईने छ । "बेटी पढावे शिक्षीत बनावै" शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याईने छ ।
- व्यावसायीक रुपमा कृषिमा संलग्न कृषकलाई नि:शुल्क मल, खाद तथा बीउ बीजनको लगायत आवश्यक सिचाईको सुविधा उपलब्ध गराउने छ ।

Scanned with CamScanner

- सडक विस्तार एवम निर्माण कार्यलाई अल्पकालिन,मध्यकानि तथा दिर्घकालिन गरी ३ चरणमा राखेर प्रथामिकताका आधारमा निर्माण एवम स्तारोन्नति गरिने छ ।
- नगर भित्र निर्माण हुने सम्पूर्ण नागरिकहरुका घरका नक्सा नि:शुल्क रुपमा वडा कार्यालयबाट निर्माण गराई सेवा प्रवाह गराईने छ ।
- कपिलबस्तु नगरपालिकामा बाल मनोरन्जनका लागी बाल उद्यान (Children Park) तथा राष्ट्रिय स्तरको खेल मैदान निर्माण गरिने छ ।
- शिक्षा,स्वास्थ्य तथा खानेपानी क्षेत्रमा नेपाल सरकारले निर्धारण गरे बमोजिम नै बजेट विनियोजन गराई शिक्षा, स्वास्थ्य तथा खानेपानीलाई प्रथामिकतामा राखिने छ ।
- बृद्ध भत्ता एवम विधवा भत्तालाई घर-घरमा वितरण गर्ने व्यवस्था गराईने छ । न्यून आय स्तर भएका एवम् गरीब परिवारका प्रत्येक सुत्केरी महिलालाई पोषण भत्ता स्वरुप ५ हजार उपलब्ध गराईने छ ।
- महिला स्वास्थ्य स्वमसेवकहरुको पाच लाख सम्मको दुर्घटना विमा गराईने छ ।
- कपिलबस्तु नगरपालिका भित्र क्रियाशील एवम नेपाल पत्रकार महासंघमा सुचीकृत पत्रकारहरुको ५ लाख सम्मको दुर्घटना विमा सहित न्यूनतम मसिक पारिश्रमिक उपलब्ध गराईने छ ।
- स्थानीय कला सांस्कृति परम्पराको संरक्षण गर्दै यहाँका लोपुन्मुख नृत्य, कला सांस्कृतिको संरक्षण गरिने छ ।
- गरीब,बिपन्न, सीमान्तकृत एवम भुमिहिन सुकुम्बासी समुदायका लागी जनता आवास कार्यक्रम ल्याईने छ ।
- सरकारी अस्पतालबाट उपलब्ध हुने स्वास्थ्य सेवालाई सर्वसुलब गराई प्रयोगशालाबाट उपलब्ध हुने अधिकतम सेवा नि:शुल्क गराईने छ ।
- शाक्यमूनि बुद्धकालिन कपिलवस्तुको कालानमक चामलको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर मा पहिचान दिलाउन धान/चामल उत्पादक कृषकहरुलाई अनुदान सहित प्रोत्साहन गर्दै चामलको ब्रान्डिङ्ग गरिने छ ।

समृद्ध नगर स्थापनाका लागी नेकपा(माओवादी केन्द्र) कपिलबस्तु नगर समितिका नगर अध्यक्ष एवम मेयर पदका उम्मेदवार कशत्रधन चौधरी लगायत सम्पूर्ण उम्मेदवारलाई पार्टीको चुनाव चिन्ह गोलो घेरा भित्र रहेको हँसिया हथौडामा मतदान गरी भारी मतले विजय गराउन हुन हार्दिक अनुरोध गर्दछ ।

अनुरोधक :

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)**

कपिलवस्तु नगर समिति

Scanned with CamScanner